# एघारौँ गाउँसभामा २०७९ साल आषाढ ९ गते बिहीबार गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की ज्यूबाट प्रस्तुत

# आ.व. २०७९।०८० को

# नीति तथा कार्यक्रम

रिब्दीकोट गाउँपालिका
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७९

**यस गरीमामय सभामा उपस्थित सभाका उपाध्यक्ष ज्यू, सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु**

१. आज म रिब्दीकोट गाउँपालिकाको अध्यक्षको रुपमा आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यो गरीमामय सभामा उपस्थित भएको छु । स्थानीय सरकारको प्रमुखको रुपमा गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पेश गर्न गइरहँदा अत्यन्त जिम्मेवारी बोध भएको निवेदन गर्न चाहन्छु । सर्वप्रथम नेपालको सार्वभौम,स्वाधिनता,लोकतन्त्र र जनजिवीकाको लागी सार्वभौम अधिकारको प्रयोग गरी रिब्दीकोटको समृद्धिको सपना सहितको अमूल्य मत मार्फत हामीलाई अबको ५ वर्ष सम्म रिब्दीकोटको समग्र पक्षको बागडोर सम्हाल्न जिम्मेवारी दिनुहुने सबै रिब्दीकोटबासी आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरुलाई अन्तरमनबाट धन्यवाद दिन चाहन्छु र तपाईहरुको अमूल्य मतको सम्मान हुने गरी कार्य सञ्चालन गर्ने कुराको विश्वास दिलाउन चाहन्छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक -पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहिदहरु प्रति म उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता नागरिक र घाइते योद्धाहरुप्रति उच्च सम्मान गर्दछु ।

३. नेपालको संविधानले निर्दिष्ट गरेका जनताको लोकतान्त्रिक अधिकारको सम्मान गर्दै गाउँपालिका र यहाँका नागरिकहरुको आवश्यकता, इच्छा र चाहना अनुरुप यहाँको उन्नति र सम्वृद्धिका खातिर हरपल कर्तव्यनिष्ठ र क्रियाशील भई तनमनका साथ कर्म-भूमिमा रहने छु भन्ने विश्वास दिलाउन चाहन्छु ।

४. हालसम्म भएका उपलब्धीहरुको उच्च मुल्याङ्कन गर्दै अधुरा योजनाहरु सम्पन्न गर्ने नीति अवलम्बन गरिने छ ।

**सभाका सदस्य ज्यूहरु,**

५. **यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु :**

(क) नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिवद्धताहरु, दिगो विकासका लक्ष्यहरु, पन्ध्रौं राष्ट्रिय योजना र गाउँपालिको बृहत योजना मुख्य मार्गदर्शनका आधार रहेका छन्।

(ख) **"समृद्ध रिब्दीकोट निर्माणको आधार, शिक्षा, कृषि र पर्यटन पूर्वाधार "** को नारा सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्न गाउँपालिकाको बृहत गाउँ विकास योजनाको आधारमा नीति तथा कार्यक्रम अगाडि सारिएको छ।

(ग) सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिमा छलफल पछि वडा, विषयगत समिति, बजेट तर्जुमा समिति हुँदै आएका योजनाहरुलाई दीर्घकालीन लक्ष्यसँग तादम्यता मिलाई प्राथमिकताकरण मिलाईएको छ । गाउँपालिकाको नीति तथा कार्यक्रमलाई तर्जुमा गर्दा नागरिकको सहभागितालाई उच्च प्राथमिकतामा राखिएको छ।

(घ) विगतका गाउँसभाबाट पारित नीति तथा कार्यक्रम विभिन्न चरणमा गाउँबासीहरुबाट प्राप्त अमुल्य सुझाव, जनप्रतिनिधी, राजनीतिक दलहरु, निवर्तमान जनप्रतिनिधीहरु, नागरिक समाज र सञ्चारकर्मीहरुबाट प्राप्त सुझावहरुलाई उच्च महत्त्वका साथ ग्रहण गरिएको छ।

(ङ) स-साना योजनाको संख्या घटाउन मापदण्ड निर्धारण गरिएको छ।

(च) गाउँपालिकाको आन्तरिक आय, अन्तर सरकार वित्त हस्तान्तरण, राजश्व बाँडफाँडलाई यथार्थ विश्लेषण गरी नीति तथा कार्यक्रम तय गरिएको छ।

**सभाका सदस्य ज्यूहरु,**

अब म विषयगत/क्षेत्रगत रुपमा आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव प्रस्तुत गर्दछु।

**आर्थिक विकास:**

संविधानले परिकल्पना गरेको समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गरी समृद्ध रिब्दीकोट निर्माणको अभिभारा पूरा गर्न आगामी आ.व. मा निम्नअनुसारका नीतिहरु अवलम्बन गरिनेछ।

**कृषि तथा भुमि व्यवस्था:**

६. कृषि क्षेत्र नै रिब्दीकोटको सम्वृद्धिको मूल आधार भएकाले दीगो, आत्मनिर्भर एवं समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि गाउँपालिकाको एकीकृत कृषि तथा पशु विकास रणनीति बनाई कार्यान्वयनमा ल्याईनेछ। यसको प्रभावकारी कार्यान्वयनको लागि विज्ञ सहितको एक संयन्त्र निर्माण गरिनेछ।

७. कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण गर्दै कृषकले उत्पादन गरेको कृषि तथा पशु उपजको उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणका लागि आवश्यक नीति लिईनेछ। किसान सूचीकरणको बाँकी काम पुरा गरी परिचय पत्र वितरणको व्यवस्था मिलाइनेछ।

८. बिउमा आत्मनिर्भर बनाउन धान, मकै, गहुँ, कोदो जस्ता स्थानीय प्रजातिका बिउ संरक्षण गरिने छ साथै रैथाने बाली तथा पुष्प खेतिलाई संरक्षण र प्रबर्द्धन गर्ने नीति लिईनेछ।

९. बेमौसमी तरकारी उत्पादन तथा व्यवसायिक पशुपालनका लागि कृषकको मागमा आधारित तालिमको व्यवस्था गरिने छ। सम्भाव्य उत्पादनको उत्पादकत्त्व र बजार प्रतिस्पर्धामा बृद्धि गर्न समूहमा प्रविधी हस्तान्तरण गरीनेछ। प्रत्येक वडाहरुमा कृषि तथा पशु सेवालाई थप प्रभावकारी बनाउन "एक वडा एक प्राविधिक सेवा" संचालन गरी कृषि तथा पशुविकास रणनीति बनाई यस कार्यक्रमलाई समन्वय गर्दै अनुगमन गरिनेछ।

१०. चालू आ.व. मा स्थापना भएका साना व्यवसायिक कृषि उत्पादन (पकेट) कार्यक्रमलाई निरन्तरता दिनुका साथै नयाँ पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ।

११. पशुमा कृत्रिम गर्भाधान, पशु उत्पादन तथा उत्पादकत्त्व बृद्धि गर्न नश्ल सुधार, पशु स्वास्थ्य सेवा सञ्चालन, महामारी रोग नियन्त्रण, निशुल्क पशु खोप, विमा कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

१२. माटो परीक्षण गरी माटो सुधार कार्यक्रम संचालन गरी **"एक वडा एक नमुना उत्पादन"** कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईनेछ। युवा, महिला, एकल महिला जस्ता व्यवसायिक कृषकलाई कृषिमा सुलभ कर्जाका लागि आवश्यक पहल गरिनेछ। प्राङ्गारिक मल, कारखाना स्थापनाका लागि प्रक्रिया अगाडि बढाइनेछ।

१३. टमाटर, सुन्तला र दुध उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिईनेछ। गाउँपालिकाको क्षमताको आधारमा उत्पादनमा आधारित अनुदानको दायरा विस्तार गरिनेछ। कृषकले उत्पादन गरेको वस्तुको लागतको आधारमा उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणका आवश्यक कार्य अगाडि वढाईनेछ । कृषिलाई व्यावसायिकीकरण गर्न "पकेट क्षेत्र कार्यक्रम","हाईटेक नर्सरी" जस्ता कार्यक्रम संचालन गरिने छ।

१४. प्रदेश सरकारसँगको समन्वयमा **"गाँउपालिका स्तरिय नर्सरी"** तथा **"एक वडा: एक पोखरी"** कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ। गैर सरकारी संस्थाहरुसँग साझेदारीमा कृषि तथा पशु विकास कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१५. **"म बनाउछु मेरो रिब्दीकोट"** भन्ने मूल नाराका साथ महिनाको एक दिन स्वयंसेवी रुपमा श्रमदान गर्न पाउने ब्यबस्था मिलाइने छ | स्वयंसेवी रुपमा श्रमदान गर्नेलाई सम्मान गर्ने नीति लिइनेछ।

१६. विदेशबाट फर्किएका युवाहरुलाई उत्पादनमा जोड्दै रोजगारी सिर्जना गर्न **“खनौ आफ्नो माटो, छाडौँ बिदेशको बाटो”** भन्ने मूल नाराका साथ खेतियोग्य बाझो जमिनको उपयोग गर्न हरियाली कार्यक्रम सञ्चालन गरिनेछ। कृषि भूमीको खण्डीकरण रोकी भूमीको चक्लाबन्दी (Land Pooling) कार्यको थालनी गर्दै व्यसायिक कृषि तथा पशुपालन फर्म संचालन गर्न प्रोत्साहन गरिनेछ।

**पर्यटन :**

१७. पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवँ सास्कृतिक क्षेत्रहरुको पहिचान गरी पूर्वाधार निर्माणको कार्यहरु अघी बढाइने छ । धार्मिक पर्यटनको दृष्टिले महत्वपूर्ण भैरवस्थानको प्रचार प्रसार गरी पर्यटन प्रर्वद्धन गरिने छ । साथै जलेश्वरधामलाई धार्मिक पर्यटनको दृष्टिले अर्को महत्वपूर्ण गन्तब्यको रुपमा विकास गर्दै लगिनेछ ।

१८. सेल्फिडाडाँ, संसारकोट, सतनचुली, पुर्णाकोट, जलेश्वर, ढुस्टुङ कालिकागढी, छुनफान डाँडा जस्ता स्थललाई पर्यटकीय गन्तब्यको रुपमा अघी बढाउन आबश्यक कार्यको थालनी गरिनेछ ।

१९. बतासे क्षेत्रलाई लालीगुराँस संरक्षित क्षेत्रको रुपमा विकास गरी पर्यटनसगँ आबद्ध गरिनेछ । आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न जलेश्वरधाम , रिचार्जपोखरी , मौसमी राडार , धुस्टुङ, रिङसिङ लेक जोड्ने गरी शहिद कैलाश पदमार्गको निर्माण कार्य थालनी गरिनेछ । गाउँपालिका भित्र साहसिक पर्यटन Rock Climbing र साइकल लेनको लागि सम्भाव्यता अध्ययन गरिनेछ । सबै पर्यटकीय स्थानहरु समेटि एकीकृत पर्यटन प्याकेजका रुपमा अगाडि बढाउन प्रचार-प्रसारको लागि उपयुक्त स्थानमा होर्डिङबोर्डको व्यवस्था गरिनेछ ।

**पूर्वाधार बिकास :**

२०. पूर्वाधार निर्माण गर्दा गुणस्तरीयतामा जोड दिई वातावरणमा पर्न सक्ने प्रभावको अध्ययन गरी निर्माण गर्ने र पूर्वाधार निर्माणको कार्यमा सार्वजनिक निजी साझेदारीको नीति आवलम्बन गरिनेछ। पालिकाभित्र उत्पादन हुने कृषि उपजलाई भण्डारण गर्न चिस्यान केन्द्र निर्माण कार्यलाई अगाडि बढाईनेछ ।

२१. गाउँपालिका भित्रका सडकहरुलाई व्यवस्थित तरिकाले संचालनमा ल्याउन सडक गुरुयोजना तयार गरिनेछ। सबै वडा केन्द्रहरुसम्म पुग्ने बाटो कालोपत्रे गर्न पहल गरिनेछ। निर्माण बाँकी रहेका मुख्य सडकहरुलाई सम्पन्न गर्ने साथै हाल सञ्चालनमा रहेका सडकहरुलाई बाह्रै महिना संचालनमा आउन सक्ने गरी मर्मत तथा स्तरोन्नती गर्ने व्यवस्था गरिनेछ।

२२. खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रलाई १० शैयाको अस्पतालमा परिणत गर्न आवश्यक कार्य अगाडि बढाईनेछ। गाउँपालिका भित्रका बथिङ्ग सेन्टरलाई सुविधा सम्पन्न बनाउदै लगिनेछ।

२३. गाउँपालिकाभित्रको फोहोर व्यवस्थापनको लागि अन्तर स्थानीय तह समन्वय गरी उपयुक्त स्थल छनौटको लागि संभाव्यता अध्ययन गरिनेछ।

२४. गाउँपालिका भित्रका सबै घरधुरीलाई खरको छानामुक्त बनाइने छ। **"उज्यालो तथा सुरक्षित रिब्दीकोट"** कार्यक्रम अगाडि बढाई गाउँपालिका भित्रका मुख्य सडक क्षेत्रहरुमा सडक बत्ती र सिसि क्यामेराको प्रबन्ध मिलाईनेछ । सहज आवागमनका लागि गाउँपालिका भित्रका आवश्यक स्थानमा  झोलुंगे पुल तथा ट्रसपुलहरु निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

## <u>उद्योग वाणिज्य तथा आपूर्ति :</u>

२५. गाउँपालिका भित्र सञ्चालन हुने सबै व्यवसायलाई दर्ताको दायरामा ल्याउने र उपभोक्ताको हित प्रति संवेदनशील हुन लगाईनेछ ।गाउँपालिका स्तरीय उद्योग बाणिज्य संघको गठन गरी यस क्षेत्रलाई थप जिम्मेवार बनाउने नीति लिईनेछ। दैनिक उपभोग्य वस्तुको गुणस्तर, म्याद समाप्त मिति लगायत विविधबिषयमा अभिमुखीकरण कार्यक्रम/जनचेतना गरिनेछ। बजार अनुगमनलाई प्रभावकारी बनाईने छ।

२६. **"स्थानीय वस्तुको प्रयोग गरौँ र उत्पादनलाई प्रोत्साहन गराउ"** भन्ने अभियान संचालन गरी स्थानीय कच्चा पदार्थमा आधारित कच्चा पदार्थको प्रसोधन उद्योग, साना उद्योग र घरेलु उद्योगको स्थापना गरी सञ्चालनमा ल्याउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। परम्परागत सिपमा आधारित पेसालाई आधुनिकिकरण गर्न अनुदानको व्यवस्था मिलाइनेछ । रोजगारी उपलब्ध गराउने स्थानीय उद्योगलाई कर छुट अनुदान तथा सहुलियतको लागि सहजीकरणको व्यवस्था गरिनेछ।

२७. महिलाहरुलाई आत्मनिर्भर वनाउँदै सम्मानित जीवनयापनका लागि आयआर्जन अभिबृद्धिमा टेवा पुग्ने खालका कार्यक्रम ल्याइनेछ। उद्यमी महिलालाई उत्प्रेरित गर्न उद्यमीसंग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ।

## सामाजिक विकास:

२८. आफ्नो जन्मभूमि र समाजप्रतिको उत्तरदायित्व गर्वका साथ पुरा गर्न सवै नागरीकको सहभागिता रहन पाउने एक वृहत कोष खडा गरिनेछ जसबाट **"मेरो रिब्दीकोट मेरो गर्व मेरो स्वर्ग"** नामक अभियान चलाई सामाजिक विकासका विभिन्न क्षेत्रका कृयाकलाप सञ्चालन गरिनेछ।

## स्वास्थ्य :

२९. आफू नजिकको सरकारवाट सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई सुनिश्चित गर्न स्वास्थ्य सेवालाई पारदर्शी र थप प्रभावकारी बनाई विशेषज्ञ सहितको स्वास्थ्य शिविरको कार्यक्रम संचालन गरिनेछ । दीर्घरोगीहरुको प्रोफाईल निर्माण गरी स्वास्थ्योपचारमा सहजीकरण गरिनेछ।

३०. खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रवाट जेष्ठ नागरीकहरुलाई स्वास्थ्य परीक्षण तथा ल्याब परीक्षण, एक्स-रे लगायतका सेवाहरु निशुल्क गरिनेछ र जेरियाट्रीक केयर सेवा शुरु गरिनेछ । स्वास्थ्य संस्थाहरुबाट आधारभुत औषधीहरुलाई नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

३१. गाउँपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गर्न "सुत्केरी आमा पोषिलो खाना" कार्यक्रम लागु गरिनेछ। महिलाको स्तन क्यान्सर, पाठेघर क्यान्सर र (Prolapse)आङ खस्ने समस्याको उपचारको लागि गाउँपालिकाका समस्याग्रस्त महिलाहरुको तथ्यांक संकलन गरी प्रदेश सरकारको सहकार्यमा उपचारको व्यवस्था मिलाइनेछ ।

३२. फरक क्षमताका व्यक्ति, जेष्ठ नागरीक र वालवालिकाहरुको स्वास्थ्य सुविधामा सहज पहुँच स्थापित गरिनेछ ।स्वास्थ्य बिमा कार्यक्रमलाई हरेक नागरीक समक्ष पुर्याइनेछ । एम्बुलेन्सको सेवालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र र पालिकाभित्रका बर्थिङ्ग सेन्टरमा बच्चा जन्माउन नसकी रिफर गरीएका सुत्केरी महिलालाई अस्पताल सम्म पुर्याउन एम्बुलेन्स सेवा निःशूल्क गरिनेछ।

३३. क्यान्सर, मृगौला र मुटु जस्ता असाध्य रोग लागेकालाई राहत स्वरुप दिइदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिईनेछ ।आँखा अस्पतालसंगको सहकार्यमा आखाँ शिविर संचालन गरिनेछ।

३४. गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरीहरुलाई नि:शुल्क रुपमा प्रदान गरिने सेनीटरी प्याड प्रयोगको लागि सहजीकरण गर्न सम्बन्धित विद्यालयका शिक्षिकाहरुलाई अभिप्रेरित गर्ने व्यवस्था मिलाइनेछ।

३५. लागुपदार्थको नियन्त्रण तथा मदिराको प्रयोगलाई निरुत्साहित तथा सुर्तीजन्य पदार्थको बिक्रीवितरणको प्रभावकारी नियमन गरिनेछ। बिद्यालय क्षेत्र, गाउँपालिका कार्यालय क्षेत्र, सार्वजनिक कार्यालय क्षेत्रलाई पूर्णत: सुर्तीजन्य पदार्थ र मदिरा निषेधित क्षेत्र बनाइनेछ । गाउँपालिका भित्रका पर्यटकीय तथा सार्वजनिक स्थलहरुलाई स्वास्थ्य तथा सरसफाईमैत्री बनाइनेछ।

३६. स्वस्थ बच्चा नै सुन्दर भविष्यको आधार भएकाले व्यक्ति परिवार र समाजको सुरक्षित भविष्यका लागि स्वस्थ बच्चाको लागि बेलैमा सोचौं भन्ने चेतनामुलक कार्यक्रम संचालन गरिनेछ । प्रदेश सरकारको समन्वयमा सुत्केरी तथा नवजात शिशुको पोषणमा सुधार ल्याउन सुत्केरी पोषण आहार नि:शुल्क वितरण गर्ने व्यबस्था मिलाइनेछ ।

३७. पालुङ मैनादी आयुर्वेद औषधालयलाई थप ब्यवस्थित गरी प्राकृतिक चिकित्सा, योग लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई संचालनमा ल्याइनेछ।शान्त र अनुशासित समाज निर्माणको दीर्घकालिन लक्ष्य सहित जलेश्वर क्षेत्रमा योग तथा ध्यानकेन्द्र निर्माणका लागि बृहत अध्ययन गरिनेछ।

३८. प्रदेश सरकारको समन्वयमा निशुल्क रक्तसंचार सेवाको व्यवस्था मिलाइनेछ।

३९. सम्भावित महामारी फैलिन नदिन पालिकास्तरमा मेडिकल डक्टरको संयोजकत्त्वमा र वडास्तरमा स्वास्थ्यकर्मीको संयोजकत्त्वमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गरी आवश्यक तालिम दिई तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।

४०. स्वास्थ्यको पहुँच सरल र सहज तुल्याउन ख्याहाको जोगीथुम, देउरालीको लघुवा र डम्मक, भैरवस्थानको भारकोट र पालुङमैनादीको पालुङमा सामुदायिक घुम्ती स्वास्थ्य इकाई थप गरी सेवा प्रवाह गर्न पहल गरिनेछ।

**शिक्षा :**

४१. गाउँपालिका स्तरीय एक नमूना विद्यालय निर्माण गरिनेछ। हाल नेपाली माध्यममा मात्र पठनपाठन हुँदै आएकोमा विद्यालय शिक्षालाई गुणस्तरीय र समयसापेक्ष बनाउन अंग्रेजी, नेपाली र मातृभाषामा शिक्षा दिने बहुभाषिक नीति अवलम्बन गरिनेछ। प्रधानाध्यापक, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिलाई बिद्यालयको सर्वाङ्गीण सुधार योजना निर्माण सम्बन्धि तालिम र अन्य शिक्षकहरुलाई मागमा आधारित प्रविधियुक्त क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

४२. गा.पा. भित्रका विद्यालयहरुमा घट्दै गएको विद्यार्थीको सङ्ख्या वढाउन शिक्षालाई गुणस्तरीय र शिक्षकहरुको मनोवल बृद्धि गर्न पालिकामा उत्कृष्ट हुने विद्यालयका शिक्षकहरुलाई सम्मान गर्ने नीति लिइनेछ।

४३. सबै विद्यालयहरुको भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाइने नीति अवलम्बन गरिनेछ ।सम्पूर्ण विद्यालय, शिक्षक एवं विद्यार्थीहरुबीच समान पहिचान कायम गर्नको लागि समान ड्रेसकोड तथा भवनको रंगरोगनमा एकरुपता कायम गर्ने नीतिलाई निरन्तरता दिईनेछ । विद्यार्थी साह्रै न्यून भएका विद्यालयहरुलाई आवश्यकता अनुसार मर्ज गर्दै लैजाने नीतिलाई निरन्तरता दिईनेछ ।

४४. संस्कार सहितको शिक्षा आजको आवश्यकता भन्ने कुरा आत्समाथ गर्दै सो को लागि आवश्यक व्यवस्था मिलाईनेछ ।विथार्थीहरुलाई  कानूनी प्रक्रियागत तथा समसामयिक विषयमा जानकार तथा सुसूचित गराउने कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयमा **"सिक्दै कमाउँदै"** कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

४५. विद्यालय तह देखि नै राष्ट्रिय एवं स्थानीय भेषभूषा, भाषा, धर्म एवं संस्कृतिको बोध एवं संरक्षणका लागि गाउँ शिक्षा योजना र स्थानीय पाठ्यक्रम तयार गर्ने प्रक्रिया अगाडि बढाईनेछ ।

४६. संघ तथा प्रदेश सरकारको सहकार्यमा सबै विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र I.C.T कार्यक्रम संचालनमा ल्याई विद्यालयहरुको शैक्षिक स्तरोन्नती गरिनेछ । प्रदेश सरकारको सहकार्यमा विज्ञान र गणित बिषयको गुणस्तर सुधार कार्यलाई अगाडि बढाइने छ । शिक्षकहरुलाई आफ्नो विषयगत जिम्मेवारी दिने निती लिइने छ । गाउपालिका र प्रध्यानाध्यापक बिचमा कार्य सम्पादन सम्झौता गरिने छ । गाउँपालिका र माथिल्ला तहका सरकारबाट संचालन गरिने तालिमलाई व्यवस्थित गर्न  एक बहुउद्देश्यीय तालिम हलको व्यवस्था गरिनेछ ।

४७. सामुदायिक विद्यालयहरुका गरिब तथा विपन्न छात्रछात्राहरुलाई छात्रवृत्ती दिने कार्यक्रम, विद्यालयहरुमा नि:शुल्क पाठ्यपुस्तक, कक्षा ६ सम्मका बालबालिकाहरुलाई दिवा खाजा कार्यक्रम  र कालिका आ. वि. जोगिथुमका विधार्थीलाई दिवाखाजा कक्षा ८ सम्म नै निरन्तरता दिईनेछ ।

**युवा तथा खेलकुद :**

४८. शारीरिक व्यायाम मार्फत स्वस्थ जीवनशैलीको लागि खुल्ला व्यायामशाला निर्माण गरी **"स्वस्थ रिब्दीकोट निर्माण अभियान"** लाई अगाडि बढाईनेछ । युवाहरुको मागलाई ध्यानमा राखी फिटनेस केन्द्र सञ्चालनमा ल्याईनेछ ।

४९. संघ तथा प्रदेश सरकार संगको सहकार्यमा प्यारफिट सहितको सुबिधा सम्पन्न खेलमैदान निर्माण कार्यलाई अगाडि बढाइने छ । कुनै पनि खेलको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने गाउँपालिका भित्रका खेलाडीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

५०. ज्ञान-सिप भएका युवा उद्यमीहरुले व्यवसाय शुरु गर्न START UP FUND FOR BUSINESS कार्यक्रम मार्फत स्वरोजगार बनाउने नीति लिईनेछ ।

५१. सम्पूर्ण विद्यार्थीहरु एवं युवाहरुलाई खेलकूदको माध्यमबाट एकताबद्ध बनाउदै सामाजिक सहिष्णुता एवं भातृत्वको विकास गर्न राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता एवं "अध्यक्ष कप भलिबल प्रतियोगिता समेटी रिब्दीकोट खेलकुद सप्ताह"संचालन गरिनेछ। गाउँपालिका स्तरीय यूवा परिषद गठन गरिनेछ ।

**महिला, वालवालिका, जेष्ठ नागरीक, लक्षित वर्ग तथा सामाजिक न्याय र समाबेशीकरण:**

५२. समाजमा व्याप्त बिभेद, असमानता ,अन्धविश्वास, बालविवाह, बहुविवाह, महिला हिंसा लगायतका कुरीति कुसंस्कारको अन्त्य गरी समतामुलक र सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि आमा समुहको जागरण, स्वास्थ्य स्वयंसेविकाको परिचालन, बाल क्लवहरुको गठन तथा परिचालन, किशोरी शिक्षा, बालबिवाह न्युनिकरणका लागी स्थानीय पुरोहित प्रशिक्षण लगायतका कार्यक्रम मार्फत सचेतना अभियान संचालन गरिनेछ ।

दलित, महिला, वालवालिका तथा अपाङ्गता भएका व्यक्ति लगायतका लक्षित वर्गको मौलिक तथा संबैधानिक अधिकारको प्रत्याभुत गर्न आय आर्जनमुलक तथा शिपमूलक कार्यक्रम मार्फत क्षमता विकास एवं रोजगारी सृजनाका कार्यक्रम संचालन गरिनेछ ।

५३. समाजका अमूल्य निधिका रुपमा रहेका जेष्ठ नागरीकहरुको लागि “जेष्ठ नागरीक सम्मान, अनुभव आदान प्रदान तथा सहुलियतका कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक समानता तथा समावेशीकरण कायम गर्नका लागि लक्षित वर्गको पहिचान गरी सिप विकास, क्षमता अभिवृद्धि तथा सशक्तिकरणको माध्यमबाट आत्मनिर्भर तुल्याई व्यवसायिक रुपमा स्थापित हुन लामो अवधिका तालिम/कार्यक्रम संचालन गर्न प्रत्येक वडालाई क्रियाशील गराईनेछ ।

५४. आर्थिक रुपमा कमजोर महिला एकल महिला तथा वैदेशिक रोजगारीवाट फर्किएका महिला लक्षित रोजगार कार्यक्रम तथा स्व:आयआर्जनका कार्यक्रम संचालन गरी उत्पादित सामाग्रिको बजारीकरणमा आवश्यक प्रवन्ध मिलाउनेछ ।यौनहिंसामा परेका बालबालिका तथा महिलालाई उच्च प्राथमिकतामा राखी लैंगिक हिंसा निवारण कोष मार्फत पुन:स्थापनाको कार्य अगाडि बढाइनेछ ।वालवालिका माथि हुने शारिरीक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार अन्त्य गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । अभिभावक विहिन बालबालिकाको कक्षा १२ सम्मको शिक्षाको जिम्मेवारी गाउँपालिकाले लिने व्यवस्था गरिनेछ ।

५५. **"एकल महिलाको भर, जिम्मेवार स्थानीय सरकार"**भन्ने नाराको कार्यान्वयन गरी एकल महिलाको संरक्षण साथै सिप विकास एवं स्वरोजगारका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

५६. बालमैत्री गाउँपालिका निर्माणका लागि आवस्यक कामको थालनी गरिने छ र आगामी ५ वर्षभित्र बालमैत्री गाउँपालिका घोषणा गरिने छ |पालिकाभित्रका सवै वडाहरुमा बालमैत्री उद्यानको लागि स्थान छनौट गरी कम्तिमा एक बाल उद्यान निर्माण गर्ने नीति लिइनेछ ।

५७. अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवम् सेवा प्राप्तीमा सहज पहुँचका लागि गाउँपालिका तथा वडाका सार्वजनिक, सरकारी कार्यालयहरुलाई क्रमश:अपाङ्गमैत्री बनाउँदै लगिनेछ । अपाङ्गता भएका व्यक्ति प्रति गरीने विभिन्न प्रकारका विभेद र सबै प्रकारका हिंसा अन्त गर्न आवश्यक कार्य गरिनेछ ।

५८. परम्परागत सिपको जगेर्ना गर्न सबै समुदायको परम्परागत ज्ञान र सिप हस्तान्तरण तथा संरक्षण कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**बहुक्षेत्रीय पोषण:**

५९. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई, कृषि, पशु सेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रबन्ध जस्ता क्षेत्रका एकीकृत कार्यक्रम संचालन गरिनेछ। पोषण सुधारको लागि बिपन्न समुदायका महिला समूह र सहकारीहरुलाई बिपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रममा अनुदानको व्यवस्था मिलाइनेछ ।

**सामाजिक सुरक्षा तथा संरक्षण :**

६०. न्याय र समानतामा आधारित छुवाछुत मुक्त भेदभावरहित समाज निर्माण गर्न बृहत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि स्थानीय सर्वपक्षीय/ सर्वदलीय बृहत सचेतना मुलक कार्यक्रमको व्यवस्था गरिनेछ। कुनै पनि प्रकारको यौनजन्य हिंसा वा सामाजिक वहिष्कारमा पारिएका किशोरीहरु एवम् बालश्रम, बेचबिखन आदिबाट पिडित वालवालिका एवंम महिलाहरुको लागि मनोसामाजिक परामर्शदाताको सहयोगमा व्यावसायिक शिक्षा दिई वा सीपको विकास गरी पुन:स्थापना गर्ने नीति लिइनेछ।

६१. सामाजिक सुरक्षा भत्ता कम्तिमा वडा कार्यालयवाट प्राप्त गर्न सक्ने वनाउन आवश्यक पहल र समन्वय गरिनेछ । 'ग' वर्गका अपांगतालाई गाउँपालिकाबाट प्रदान गरीदै आइएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइनेछ। सामाजिक सुरक्षाको दायरा गाउँपालिकाको क्षमताको आधारमा बिस्तार गर्दै लगिनेछ।

६२. लागुपदार्थ दुर्व्यसनको कारण , व्यक्ति र समाजमा पर्न जाने नोक्सानी तर्फ सचेत रहदै प्रहरी सँगको सहकार्यमा लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना अभियान संचालन गरिनेछ।

**भाषा, धर्म तथा संस्कृति :**

६३. सबै धर्म, भाषा र संस्कृतिको संरक्षण, संबर्द्धन र यथोचित बिकासमा ध्यान दिईनेछ। धार्मिक, ऐतिहासिक क्षेत्र संरक्षण तथा विबिधतालाई जीबन्त राख्न परम्परागत गित, नाच र बाजाको संरक्षण गर्ने कार्यक्रम ल्याइनेछ।

६४. कौरा, झ्याउरे, वालन, भजन, सराय, फागु जात्रा, लाखेनाच, सोरठी जस्ता विविध परम्परागत गित नाँचको प्रवर्धन गर्न  सांस्कृतिक महोत्सव गर्ने कार्यक्रम ल्याइनेछ। रिब्दीकोट गाउँपालिकाको सांस्कृतिक गहनाका रुपमा रहेको अल्पसंख्यक कुमाल जातिको संस्कृतिको जगेर्नाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**खानेपानी तथा सरसफाई :**

६५. एक घर एक धारा को संकल्पलाई पुरा गर्न  गाउँपालिकाको खानेपानी तथा स्वच्छता योजनाको आधारमा, आवश्यकताका आधारमा खानेपानीका योजनाहरु कर्यान्वियनमा ल्याईनेछ । साथै अधुरा रहेका सम्पूर्ण खानेपानी योजनाहरुलाई पूर्णता दिन आवश्यक व्यवस्था गरिनेछ । परम्परागत पानीका मुहानहरु कुवा, प्राचीन धारा, पधेंरो, पोखरी आदिको श्रोत संरक्षणको कार्यक्रम लागु गरी उचित व्यवस्थापन गरिनेछ । पानीका मुहान दर्ता कार्यको थालनी गरीनेछ । लिफ्टिंग खानेपानीको विधुत महसुल कम गर्न माथिल्लो तहको सरकार तथा नेपाल विधुत प्राधिकरण सँग समन्वय गरिनेछ ।

६६. घर/कार्यालय आदिबाट सिर्जित फोहोरलाइ व्यवस्थापन गर्न कुहिने पदार्थलाई कम्पोस्ट मल तथा नकुहिने पदार्थलाई उचित उपयोगमा ल्याउने कार्यक्रम लागु गरिनेछ । घर/कार्यालय आदिबाट सिर्जित फोहोरलाइ उत्पत्ति स्थलमा नै व्यवस्थापन गर्न  कुहिने पदार्थलाई कम्पोस्ट मल वनाउने तथा नकुहिने पदार्थलाई उचित उपयोगमा ल्याउने कार्यक्रम लागु गरिनेछ ।

६७. गाउँपालिका भित्रका नागरीकहरुको वृहत्तर स्वास्थ्य सुरक्षालाई सकारात्मक प्रभाव पार्न **व्यवस्थित जुठेल्नो** कार्यक्रम सञ्चालन गरीनेछ । फोहोर उत्पादन कम गर्ने पुन: प्रयोग गर्ने र सार्वजनिक स्थलमा फोहोर नगर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

६८. घर निर्माणको अनुमति प्रक्रियामा शौचालय र सेफ्टि टंकी निर्माणलाई अनिवार्य गरिनेछ । सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापनमा सम्बन्धित संस्थाहरु संग समन्वय र सहकार्य गरिनेछ

६९. प्लास्टिकजन्य सामाग्रीको प्रयोगले स्वास्थ्य तथा वातावरणमा पार्ने प्रभावको न्यूनिकरण गर्न ४० माइक्रोनभन्दा कमको प्लास्टिक झोला विस्थापित गरी **"सफा झोला"** कार्यक्रम लागु गरिनेछ।

**सहकारी तथा वित्तीय क्षेत्र विकास :**

७०. आम्दानी र खर्च विच उचित संयोजन गर्दै वचत गर्ने वानी वसाली सुरक्षित र दिगो भविष्यका लागि वित्तीय संस्थाहरुको सहकार्यमा वित्तीय साक्षरता अभियान सञ्चालन गरीनेछ ।**"वित्तीय शिक्षा कार्यक्रम"** चलाई **"एक घर एक वित्तीय संस्थामा खाता "**कार्यक्रम लागु गरिनेछ ।

७१. कृषि, दुग्ध पदार्थ, तरकारी, फलफुल जस्ता कार्यक्रमलाई सहकारीमा आबद्ध गरी बजारीकरण एवम् पूंजी निर्माणको कार्यक्रम संचालन गरिने छ । गाउँपालिका भित्रका सम्पूर्ण सहकारी संस्थाहरुको अनुमति नियमन र विस्तारमा प्रवाभकारी कार्यक्रम लागु गरिने छ ।सबै वडाहरुमा कम्तिमा एक/ एक कृषि सहकारीको स्थापना गर्न स्थानीय समुदाय संग सहकार्य गरी संचालन गर्ने कार्यक्रम ल्याइनेछ ।

७२. हाम्रो कर, हाम्रै विकास भन्ने अभियान सञ्चालन गरी करका दर तथा दायरा पुनरावलोकन गरीनेछ । कर प्रणालिलाई वैज्ञानिक वस्तुनिष्ठ र व्यवहारिक बनाईनेछ ।

**जलश्रोत , सिंचाई तथा उर्जा :**

७३. **"कृषि व्यावसाय सफलताको आधार सवै खेतीयोग्य जमिनमा सिँचाई पूर्वाधार"** भन्ने नीती लिईनेछ गाउँपालिका भित्रका सवै खेतीयोग्य जमिनमा वर्षैभरी सिँचाई सुविधाको प्रबन्ध मिलाउन सहभागितामा आधारित साना साचाई आयोजना सञ्चालन गरिनेछ । ठुला सिंचाई तथा पर्याप्त सिंचाई सुबिधा पूर्तिका लागि प्रदेश तथा नेपाल सरकार संग सहकार्य गरिनेछ।

७४. एल पि ग्याँस र ईन्धन खपत कम गर्न वैकल्पिक उर्जा प्रवर्धन केन्द्र जस्ता संस्थाहरुसंग सहकार्य गर्दै सुधारिएको चुलो, बायो ग्यास, सोलार चुलो जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ । सबै वडाका मुख्य केन्द्रमा सोलार बत्ती जडानको व्यवस्था गरिनेछ ।

७५. काठका पोलहरुलाई विस्थापित गरिनेछ । अव्यवस्थित पोलहरुलाई व्यवस्थित गरी विद्युत आपुर्तिलाई सहज बनाइनेछ ।

**वन, वातावरण, विवद् व्यवस्थापन तथा प्रकोप नियन्त्रण :**

७६. बढ्दो वन विनास तथा वातावरणीय ह्रासलाई कम गर्न बहुवर्षीय बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ। पुष्पलाल जयन्ती, बि.पी जयन्ती एवम् विश्व वातावरण दिवस जस्ता अवसरहरुमा सामुहिक वृक्षारोपण कार्यक्रम चलाइनेछ । गाउँपालिका भित्रका सबै सामुदायिक बनहरुलाई नियमन गरी व्यवस्थित गरिनेछ ।वन विभागको सहकार्यमा वन लाई आम्दानिको स्रोत बनाउने निती अवलम्बन गरिने छ।

७७. जंगल/बन क्षेत्रबाट गाउँ प्रवेश गरी मानव तथा बालिनालीलाई हानि नोक्सानी गर्ने जनावरको रोकथाममा लागि समन्धित विज्ञहरुसँगको सुझावको आधारमा प्राकृतिक उपायहरु अबलम्बन गर्ने नीति लिईनेछ ।

७८. संघ तथा प्रदेश सरकारको सहकार्यमा बन नर्सरीको व्यवस्था गरी बन पैदावारलाई व्यवस्थापन र वन क्षेत्रमा व्यावसायिक अम्रिसो, तेजपात, टिमुर जस्ता वनस्पति खेती गर्ने कार्यक्रम लागु गरिनेछ।

७९. नदीजन्य पदार्थ, वन पैदावार र प्राकृतिक श्रोत दोहन र अवैध चोरी निकासी नियन्त्रणमा थप कडाई गरिनेछ।

८०. विपद र प्रकोप नियन्त्रणका लागि गाउँपालिकाका सबै घरधुरीमा विपद पुर्व सजकता सूचना (SMS) प्रवाह हुने व्यवस्था मिलाइने छ। आगलागी जस्ता प्रकोप नियन्त्रणका लागि जनचेतना बढाईनेछ।

८१. गाउँपालिका भित्रको विपद जोखिम नक्साङ्कन कार्य गरिने छ। विपदको अवस्थामा उद्दार तथा सुरक्षित बासस्थानको पहिचान र व्यवस्थाको लागि बजेटको व्यवस्था गरिने छ। विपद् पिडितले पाउने राहत तत्काल पाप्त गर्न सक्ने अवस्था सिर्जना गरिनेछ।

८२. गाउँपालिका स्तरीय विपद व्यवस्थापन एवम् राहत समिति गठन गरी विपदमा एकद्वार प्रणालीबाट समान उद्दार र राहतको कार्यक्रम गरिने छ। खुला चौर खाली रहेका बिद्यालयहरुका भवन, सामुदायिक भवन आदिलाई विपदको समयमा आश्रय स्थलको रुपमा विकास गरिनेछ।

**जनसंख्या तथा बसाईसराई :**

८३. गाउँपालिका भित्र एकीकृत बस्ती विकासका लागि उपयुक्त स्थान छनौट गर्न संभाब्यता अध्ययन गरीनेछ। वतासे, हार्थोक जस्ता बजार क्षेत्रको वसोबासलाई व्यवस्थित बनाउन अनिवार्य पार्किङ्ग सहितको घर निर्माणमा जोड दिईनेछ।

८४. कृषि कर्म गर्ने गरी यस गाउँपालिकाभित्र बसाईसराई गरी आउने परिवारलाई प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

**श्रम, रोजगार तथा गरीवी निवारण :**

८५. गाउँपालिका भित्रका सबै बेरोजगारहरुको तथ्यांक संकलन गरी उपयुक्त रोजगारीका लागि श्रमिक बैंक स्थापना गरिने छ।श्रमिक वैंकमा सूचीकृत श्रमिकलाई सार्वजनिक पूर्वाधार विकास निर्माण र उत्पादनका कार्यमा लगाउने नीति अवलम्वन गरिनेछ।

८६. स्वरोजगार तथा गरीवी निवारणका लागि आवश्यकताका आधारमा सिप विकास तालिम, पुनर्ताजगी तालिम र एडभान्स सिप विकास तालिम तथा गरिव सँग बिश्वेश्वर जस्ता कार्यक्रम सञ्चालन गरिने छ। लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्ने कार्यक्रम लागु गरिने छ।यो वर्ष कृषि क्षेत्रमा कम्तिमा २०० थप सोरोजगारी सिर्जना गरिनेछ।

**न्याय तथा कानुन :**

८७. न्यायिक समितिको सेवालाई थप व्यवस्थित गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिने छ।प्राकृतिक न्यायको सिदान्तमा आधारित रही स्थानीय सरकार संचालन ऐनले तोकेको क्षेत्राधिकार भित्र रही न्याय सम्पादन गरिने छ।न्याय सम्पादनको क्रममा आवश्यक पर्ने पक्षलाई गाउँपालिका क्षेत्र भित्र एक आपत्कालिन आश्रय स्थलको व्यवस्था गरिनेछ।

**<u>सूचना प्रविधि तर्फः</u>**

८८. सबै घरधुरीमा इन्टरनेट सेवा पुर्याइने नीतिलाई निरन्तरता दिइनेछ। गाउँपालिका कार्यालय, सम्पूर्ण वडा कार्यालय, सामुदायिक सिकाई केन्द्र, बजार क्षेत्र, भैरवस्थान मन्दिर क्षेत्र तथा महत्वपुर्ण पर्यटकीय क्षेत्रहरुलाई Free Wifi Zone का रुपमा विकास गरिनेछ।

८९. सम्पूर्ण वडा कार्यालयहरुमा IP Based CCTV क्यामेरा जडान गरी गाउँपालिकाको कार्यालयबाट निगरानी गर्ने व्यवस्था गरिनेछ । गाउँपालिका र यस अन्तर्गतका कार्यालयहरुमा सेन्ट्रालाईज्ड इ एटेन्डेन्स सिस्टम लागू गरिनेछ। गाउँपालिकाका सम्पूर्ण अभिलेखहरुलाई डिजिटल रुपमा ब्यबस्थापन गरिनेछ।

९०. गाउँपालिकामा संकलन गरीने कर तथा राजश्वलाई विद्युतीय प्रणाली मार्फत भुक्तानी गर्न SMART RIBDIKOT APP निर्माण गरी प्रयोगमा ल्याईने छ। यस आ.व.मा सुरुवात भएको ILG प्रोफाईल निर्माण सम्पन्न गरिनेछ।

**<u>सुशासन तथा संस्थागत विकास :</u>**

९१. स्थानीय सरकार संचालन ऐन-२०७४ का प्रवधानहरुलाई कडाईका साथ पालनामा जोड दिईने छ। नागरीक(सेवाग्राही)हरुलाई गाउँपालिका क्षेत्रबाट प्रदान गरीने सम्पूर्ण सेवाहरु सरल र सहज बनाईनेछ ।गाउँपालिका र मातहतका कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई डिजिटल र विद्युतिय माध्यमबाट उपलव्ध गराउन आवश्यक कार्यको थालनी गरिने छ ।राजस्व तथा सेवा शुल्कमा विद्युतीय प्रणाली प्रयोग गरी भुक्तानी गर्न सकिने व्यवस्था मिलाईनेछ।

९२. तालिम तथा अवलोकन भ्रमणको माध्यमवाट जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्ने नीति अवलम्वन गरीनेछ ।कर्मचारीहरुलाई काममा उत्प्रेरित गर्न आन्तरिक पर्टनको माध्यमवाट पर्यटन क्षेत्रको उत्थान गर्नका लागि पर्यटन काजको व्यवस्थाका साथै कार्यचापको आधारमा मौद्रिक प्रोत्साहनको नीति लिइनेछ ।आन्तरिक शुसासन सफल प्रशासन भन्नु नारा लागु अवलम्वन गरिने छ।

९३. सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुखी बनाउने कार्यमा थप जोड दिई चालु प्रकृतिका खर्चहरु कटौती गर्ने नीति लिईनेछ । कार्यक्रम कार्यान्वयन योजना निर्माण गरी चौमासिक खर्च सन्तुलनमा जोड दिईनेछ । चौमासिक लक्ष्य किटान गरी त्यसको कार्यान्वयन समीक्षा गरिनेछ ।पारदर्शिता जवाफदेहीता मितव्ययिता र भ्रष्टाचार विरुद्ध सून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । सुशासनलाई संस्थागत गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

देशमा लोकतन्त्रको स्थापना पश्चात राजनीतिक, सामाजिक र आर्थिक उपलब्धिलाई संरक्षण गर्दै यस गाउँपालिकालाई थप उन्नत बनाई कोभिड १९ माहामारीबाट प्रभावित सामाजिक आर्थिक क्षेत्रहरुलाई पुन:जीवन दिई विकास निर्माणलाई तिब्रता दिने अठोटका साथ आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको प्रस्ताव पेश गरेको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट हाम्रो गाउँपालिकाको सामाजिक, आर्थिक तथा विकासका अन्य कार्यक्रम चलायमान भई सबैलाई समान अवसर र सामाजिक न्याय मिल्नेछ भन्ने आशा समेत लिएको छु ।

अन्त्यमा रिव्दीकोटको समग्र बिकासमा योगदान गर्नुहुने  निवर्तमान जनप्रतिनिधिहरु सम्पूर्ण राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी सहकारी र सामुदायिक क्षेत्र, नागरीक समाज, सुरक्षा र संचारकर्मी लगायत सम्पूर्ण  आमावुवा दाजुभाई दिदीबहिनी तथा सरोकारवाला सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**अभिवादन !**

**नारायण वहादुर कार्की**
**अध्यक्ष**

**मिति २०७९/०३/०९ गते**